# श्री सरस्वती सामुदायिक वन उपभोक्ता समूह

## राजापुर न.पा.- ४, बर्दिया

प.सं. २०८१।०८२

च.नं.

मितिः २०८२।०२।२६

**वेत बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

पहिलो पटक सूचना प्रकाशन मिति २०८२।०२।२६ गते

यस सामुदायिक वन उपभोक्ता समूहको सामुदायिक वनवाट उत्पादित जिल्ला वर्दिया, राजापुर न.पा. वडा नं. ४, राजापुर घाट्गद्दीमा देहायको लटमा विभाजित निम्न परिमाणको वेत जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनि प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली, २०७९ को नियम १२८ वमोजिम सूचीकृत ईच्छुक उद्योगले यो सूचना मध्यान्ह दैनिक पत्रिकामा पहिलो पटक प्रकाशित भएको मितिले २२ (बाईसौं) दिन दिउँसो १२.०० बजे भित्र सिलबन्दी वोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

**तपसिल**

१. वन पैदावारको विवरण

| लट नं. | प्रजाती | किसिम | एकाई | ग्रेड | थान | परिमाण | राजस्व दर | न्यूनतम मूल्य (रु.) | सङ्कलन दर | सङ्कलन खर्च (रु.) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| लट नं. १ (२०८१।०८२) | वेत | वण्डल | के.जी. | - | ४०१ | ४८९६.५९ | २५ | १२२४१४.७५ | ३५ | १७१३८०.६५ |
| लट नं. १ को जम्मा | | | | | ४०१ | ४८९६.५९ | | १२२४१४.७५ | | १७१३८०.६५ |
| लट नं. २ (२०८०।०८१) | वेत | वण्डल | के.जी. | - | ४८७ | ४६६२.६ | २५ | ११६५६५.०० | ३५ | १६३१९१. |
| लट नं. २ को जम्मा | | | | | ४८७ | ४६६२.६० | | ११६५६५.०० | | १६३१९१. |

२. वोलपत्र खरिद, दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

(क) खरिद गर्नुपर्ने अन्तिम मिति र समयः २०८२।०३।१५ गते कार्यालय समय भित्र

(ख) दाखिला गर्नुपर्ने अन्तिम मिति र समयः २०८२।०३।१६ गते दिउँसो १२.०० बजे भित्र

३. वोलपत्रसाथ कवोल गरेको रकमको १०% ले हुन आउने रकम वोलपत्र खरिद गरेको यस सामुदायिक वन उपभोक्ता समूहको नेपाल वैङ्क लि., राजापुर शाखा, बर्दियामा रहेको खाता नं. ०२८००१०११५४३८२००००००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा वैंक ग्यारेण्टी समावेश हुनुपर्नेछ ।

४. वोलपत्र फारम प्रति लटको रु. १०००।- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय र डिभिजन वन कार्यालय, बर्दियावाट खरिद तथा दाखिला गर्न सकिनेछ ।

५. लिलाम वढावढ हुने वन पैदावार कार्यालय खुलेको समयभित्र यस सामुदायिक वन उपभोक्ता समूहको घाट्गद्दी स्थलमा गई हेर्न सकिनेछ ।

६. लिलाममा भाग लिन काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनि प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत ईच्छुक उद्योगले वोलपत्र फाराम खरिद गर्दा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, उद्योग दर्ता प्रमाण पत्रको प्रतिलिपी, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र वा स्थायी लेखा नम्वर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र उद्योग सूचीकृत भएको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

७. निर्धारीत न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका वोलपत्रहरु मिति २०८२।०३।१६ गते यस समूहको कार्यालयमा १७.०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ । सो दिन सार्वजनिक विदा परेमा सो को लगत्तै भोलिपल्ट खोलिनेछ ।

८. लिलाम स्विकृत भएपछि नियमानुसार साकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्ध कर, सङ्कलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधिभित्र उठाई लैजानु पर्नेछ ।

९. वोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुवैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

१०. वोलपत्र सदर वा वदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

११. अन्य कुराहरु प्रचलित कानून अनुसार हुनेछ ।